भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति :- २०७८/०५/०९**

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७८/७९ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत प्रथम चौमासिक अवधिमा सञ्चालन हुने *१००% अनुदानमा कृषि खेतीका लागि साना सिचाई आयोजना, अति विपन्न कृषकहरुलाई कृषि सामाग्री सहयोग, ५०% अनुदानमा मागमा आधारित व्यवसायिक फलफूल, तरकारी खेती तथा नर्सरी, खाद्यान्न बाली गहुँको उन्नत तथा बीउ उत्पादनका लागि मूल बीउ वितरण, स्थानीय रैथाने बाली (तोरी, फापर)को बीउ वितरण र लसुन बीउ वितरण कार्यक्रम*मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने *भूमे गाउँपालिका भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*ले तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७८/०५/२३ गते) भित्र* कार्यालय समयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा माग गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल:**

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

**१. १००% अनुदानमा कृषि खेतीका लागि साना सिचाई आयोजना कार्यक्रमका लागि:**

- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको साना सिंचाई आयोजना माग फारम, निवेदन र छाप।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड अध्यक्षको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको साना सिंचाई आयोजना माग सम्बन्धमा निर्णयको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडका सिंचाई उपभोग गर्ने सदस्यहरुको लालपूर्जा अथवा गत आ.व.२०७७/७८ को तिरो तिरेको रसिदको प्रतिलिपी ।

**२. १००% अनुदानमा अति विपन्न कृषकहरुलाई कृषि सामाग्री सहयोग कार्यक्रमका लागि:**

- कृषकको निवेदन ।
- कृषकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- अति विपन्न कृषक भएको भनि व्यहोरा खुलाईएको सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**३. ५०% अनुदानमा मागमा आधारित व्यवसायिक फलफूल, तरकारी खेती तथा नर्सरी, खाद्यान्न बाली गहुँको उन्नत तथा बीउ उत्पादनका लागि मूल बीउ वितरण, स्थानीय रैथाने बाली (तोरी, फापर)को बीउ वितरण र लसुन बीउ वितरण कार्यक्रमका लागि:**

- कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको निवेदन र छाप ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा सञ्चालक तथा अध्यक्षको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपी ।

**सम्पर्कका लागि:**

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- मो.नं. ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- मो.नं. ९८१३६०८६९६
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- मो.नं. ९८०६२९११२५

..................
(गणेश ओली)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

***पुनश्चः गहुँको उन्नत तथा मूल बीउ र लसुनको बीउ न्यूनतम् १५ के.जी. देखि अधिकतम् ३० के.जी. सम्म माग गर्नुपर्नेछ ।***